# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५।१२।११)

नाम्खा गाउपालिका, हुम्लामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरणबाट सञ्चालित खानेपानी तथा सरसफाइ र सिंचाई योजनाहरुको लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजनाहरु निर्माणमा प्रयोग हुने बाह्य निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्स् खरिद तथा ढुवानी गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलव्ध गराईएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सिमीकोटसम्म खरिद तथा सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्सहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम रु. ३,०००। नाम्खा गाउपालिको रा.वा. बैंक, सिमीकोट शाखाको खाता नं. क्रमशः ४१९०३०४०१८१०४ ग-४-१ खातामा (पछि फिर्ता नहुने गरी) जम्मा गरिएको सक्कलै भौचर, लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको कार्यालय समयभित्र सम्वन्धित गाउपालिकाको कार्यालय, परियोजना प्राविधिक सहयोग इकाई हुम्ला तथा जलस्रोत व्यवस्थापन कार्यक्रम (हेल्भेटास)को कार्यालय, सुर्खेतवाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको मितीले सोह्रौं दिनको १२:०० बजे भित्र जुन ठाउबाट खरिद गरिएको हो सोहि ठाउमा नै दर्ता गराउनु पर्नेछ । दरभाउपत्र फाराम सिलबन्दी गरी सुचना अनुसारको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्स् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिनको १२:०० बजे भित्र जुन ठाउबाट खरिद गरिएको हो सोहि ठाउमा प्राप्त भैसक्नुपर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले सम्वन्धित स्थानसम्म ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछ । सप्लायरले निर्माण सामग्री ढुवानी गरी प्राविधिकले चेकजांच भैसकेपछि सप्लाई भएको सामानको मात्र भुक्तानी दिने भएकोले यस प्रयोजनको लागि धरौटी वा बैंक जमानीपत्र आवश्यक पर्नेछैन ।

५. उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु सबै परियोजनाको प्राविधिक सहयोग इकाई, हुम्लामा जम्मा भईसकेपछि अर्को सुचना प्रकाशित गरि खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दररेट लेख्दा अँक र अक्षरमा दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अँक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अँक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. दरभाउपत्रमा लेख्ने स्थान उपलव्ध गराइएको वाहेक अन्य स्थानमा लेख्न वा तोकिएको स्थान बाहेक अन्य स्थानमा कैफियत जनाई कुनै कुरा लेख्न पाइनेछैन ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

११. दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन । यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलव्ध गराइनेछ । अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

१२. यो सूचनामा केहि सँसोधन गर्नु परेमा सो को सूचना सम्वन्धित गाउपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना प्राविधिक सहयोग इकाई, हुम्लाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

१. नाम्खा गाउपालिकामा ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाबाट संचालित खानेपानी तथा सरसफाइ, सिंचाई योजनाहरुका लागि बाह्य निर्माण सामाग्रिहरु सप्लाई तथा ढुवानी कार्य ।

संयुक्त खरिद समिति